"कृषि, जडीवुटी, पर्यटन, सूचना प्रविधि, उद्योग र व्यापार - समृद्ध तथा स्वाधीन अर्थतन्त्रको मूल आधार"

# मध्यपश्चिमाञ्चल क्षेत्रिय महोत्सव २०७२

२०७२ माघ २१ देखि फाल्गुन ३ गते (04 -15 February, 2016)

प्रस्तावित बहुउद्देशिय सभागृह तथा प्रदर्शनी स्थल निर्माण स्थल

सडक डिभिजन कार्यालय परिसर, कारकाँदो नेपालगंज, बाँके

(बहुउद्देशिय सभागृह तथा प्रदर्शनी स्थल निर्माण सहयोगार्थ)

# k|ltj]bg

## cfof]hs

## g]kfnu+h pBf]u jfl0fHo ;+3

नेपालगञ्ज, बाँके


**अध्यक्ष**

**कृष्ण प्रसाद श्रेष्ठ**

**संयोजक**

**मध्यपश्चिमाञ्चल क्षेत्रिय महोत्सव २०७२**

## पृष्ठभूमि

मध्यपश्चिम क्षेत्रको आर्थिक, सामाजिक, कृषि, पर्यटन, जडीवुटी र समग्र उद्योग व्यवसायको समय सापेक्ष विकास एवं प्रबर्द्धन गर्ने पवित्र उद्देश्यले २०५७ साल देखि नेपालगंज उद्योग वाणिज्य संघले औद्योगिक प्रदर्शनी तथा बाँके पर्यटन महोत्सव निरन्तर रुपमा आयोजना गर्दै आइरहेको छ । यसै क्रममा बाँके जिल्ला लगायत मध्य पश्चिम क्षेत्रको सुन्दर विविधता र समग्रताको प्रतिविम्बको रुपमा **मध्यपश्चिमाञ्चल क्षेत्रिय महोत्सव २०७२** को छैठौं श्रृखला भव्य एवम् सफलताका साथ सम्पन्न भयो । महोत्सवले यस जिल्ला लगायत मध्य पश्चिम क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी भित्राउन र आर्थिक विकासमा नयाँ आयाम थप्न महत्वपूर्ण योगदान पुऱ्याउदैं आएको कुरामा हाम्रो विश्वास रहि आएको छ । यसै सन्दर्भमा यो महोत्सव विगतको पाँचौ महोत्सव जस्तै नेपाल सरकार द्वारा संघलाई भोगाधिकार प्राप्त १० विधा जमिनमा प्रस्तावित बहुउद्देशिय सभागृह तथा प्रदर्शनी स्थल निर्माण सहयोगार्थ का साथै नेपालगंज नगरको महत्वपूर्ण चौक र स्थानहरुमा सि.सि. क्यामरा जडान गर्न सहयोग पुरयाउने उद्देश्यका साथ आयोजना गरिएको हो । यस पटकको महोत्सवलाई नेपाल सरकारले क्षेत्रिय महोत्सवका रुपमा मान्यता प्रदान गर्नु हाम्रा लागि सुखद अनुभुति थियो भने नेपाल उद्योग वाणिज्य महासंघले आयोजकका साथै अभिभावकिय भुमिका सहित हामीलाई न्यानो साथ र सहयोग प्रदान गरेको थियो । मध्यपश्चिम क्षेत्रका १८ वटा जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरु, नेपाल सरकारको अर्को निकाय साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना(RISMFP)ले सह-आयोजकको रुपमा हामीसंग सहकार्य गर्नुले हामी थप उत्साहित भएका थियौं । त्यसैगरी महोत्सवको प्रबर्द्धक संस्थाहरुमा व्यापार तथा निकासी प्रबर्द्धन केन्द्र काठमाडौं, जिल्ला विकास समिति बाँके, नेपालगंज उप महानगरपालिका, कृषि उद्यम केन्द्र (OVOP), व्यवसायिक कृषि व्यापार आयोजना (PACT/PRIST) सुर्खेत, राष्ट्रिय वाणिज्य बैंक क्षेत्रिय कार्यालय नेपालगंज, उच्च मूल्य कृषि वस्तु विकास आयोजना(HVAP) सुर्खेत, व्यापार तथा निकासी प्रबर्द्धन केन्द्र क्षेत्रिय कार्यालय नेपालगंज एवम् मुख्य प्रायोजकको रुपमा उदियमान स्थानिय प्रतिष्ठान शिखर इण्डष्ट्रिज ग्रुपले हामीलाई साथ दिएको थियो भने उप मुख्य प्रायोजकमा जय वागेश्वरी सिमेन्टस् प्रा.लि. गनापुर, सह-प्रायोजकहरुमा कर्णाली डिष्ट्रिलरी प्रा.लि., नेपाल टेलिकम, होटल स्नेह प्रा.लि., नेपालगंज मेडिकल कलेज, बागेश्वरी आइरन एण्ड स्टिल प्रा.लि., टिकट प्रायोजक साँग्रिला डेभलपमेन्ट बैंक लि., आधिकारिक विमा सिद्धार्थ इन्स्योरेन्स लिमिटेड, आधिकारिक बैंक बैंक अफ काठमाण्डु लि., आधिकारिक मिडिया ए.वी.सी टेलिभिजन, भिजन टेलिभिजन तथा अन्नपूर्ण पोष्ट हामीले साथ पाएका थियौं । महोत्सवको उदघाटन समारोहको पूर्व प्रभातमा समग्र मध्य पश्चिमको भाषा, जाती, धर्म, संस्कृति झल्किने गरी अग्रभागमा धर्मगुरुहरुको सहभागितामा विभिन्न बाजा गाजा, भजन किर्तन, औद्योगिक झाँकी सहितको भव्य रयाली प्रदर्शन गरिएको थियो । महोत्सवको उदघाटन समहरोह नेउवामहासंघका बरिष्ठ उपाध्यक्ष श्रीमति भवाणी राणाज्यूको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । नेपालगंज उद्योग वाणिज्य संघले बाँके महोत्सवको छैठौं संस्करण मात्र होइन तीन पटक सम्म महिला उद्यम प्रर्दशनी तथा तिज महोत्सव पनि सम्पन्न गरेको छ । विगतमा सम्पन्न भएका विभिन्न महोत्सवहरुको अनुभव संगाल्दै मध्यपश्चिमाञ्चल क्षेत्रिय महोत्सव २०७२ पनि सफलताका साथ सम्पन्न गरेका छौं ।

बाँके जिल्लालाई इतिहासले नयाँ मुलुकको रुपमा परिचित गराएको छ । यहाँ ७५ जिल्ला लगायत मित्र राष्ट्र भारतबाट समेत व्यवसाय र रोजगारको सिलसिलामा मानिसहरुको बसोवास हुदैं आएकोले यहाँ जातिय, भाषिक, साँस्कृतिक विविधताको अनुपम संगम विद्यमान रहेको छ । अनेकन विविधताका वावजुद आपसी एकता, सहिष्णुता, सदभाव र मेलमिलाप यस जिल्लाको विशेषता हो । नेपालगंज विश्व स्तरमै ख्याती प्राप्त पर्यटकिय र धार्मिक स्थलमा जाने प्रवेश द्वारको रुपमा रहि आएको छ । विश्व प्रसिद्ध तिर्थ स्थल मानसरोवर र धर्तिकी स्वर्गको रुपमा परिचित रारा ताल, सुर्खेतको बुलबुले ताल र काँक्रेविहार, दैलेखको पंचकोशी क्षेत्र, प्युठानको स्वर्गद्वारी, रोल्पाको जलजला हिमाल, जुम्लाको चन्दन नाथ, डोल्पाको फोक्सुण्डो ताल, रुकुमको असंख्य मनमोहक ताल तलैया र प्राकृतिक स्थलहरु लगायत बाँके, बर्दिया राष्ट्रिय निकुञ्ज, लगायत दर्जनौं तिर्थ र पर्यटकिय स्थलमा जाने गेटवे को रुपमा नेपालगंजले प्रसिद्धी कमाएको छ । यसका साथै सतिदेवीको जिव्रो पतन

भएको एतिहासिक धार्मिक स्थल माता बागेश्वरीको मन्दिर यस नगरको मध्य भागमा विद्यमान रहेको छ भने मस्जिद, चर्च गुम्वा लगायतका असंख्य धार्मिक धरोहरहरुले यस नगरलाई सुशोभित पार्दै आएको छ । यसका साथै नेपालगंज पश्चिम नेपाल कै औद्योगिक, व्यवसायिक, शैक्षिक र स्वास्थ्यको केन्द्र विन्दुको रुपमा रहि आएको छ । यहाँ सयौको संख्यामा ठुला उद्योगहरु संचालित रहेको छ भने शिक्षा क्षेत्र र जनस्वास्थ्यको क्षेत्रमा पनि यसले युगान्तकारी प्रगतिको पथमा अघि बढने क्रममा छ । यस क्षेत्रको यस्तै प्रकारका विविध महत्वलाई आत्मासात गर्दै यहाँको विविध पक्षलाई उजागर गराउन र उद्योग, व्यवसाय, पर्यटन र कृषि क्षेत्रको श्रीबृद्धिका लागि टेवा पुऱ्याउने उद्देश्यले आयोजना गरिएको महोत्सवले आफ्नो निर्धारित लक्ष्य र उद्देश्यलाई हाँसिल गर्न सफल भएको छ ।

**महोत्सवको उपलब्धिहरु :**

- उद्योगी र व्यवसायीहरुमा व्यवसायिक प्रतिस्पर्धाको वातावरणको सृजना गराई लगानीका अवसरको सृजना गर्न  मद्दत पुरयाएको छ ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय मुलुकहरुमा उत्पादित वस्तु एव सेवाहरुको बृहत प्रदर्शनी गरी व्यापक प्रचार प्रसारमा सहयोग पुऱ्याएको छ ।
- वस्तु उत्पादनका प्रविधिको क्षेत्रमा नयाँ नयाँ उपलब्धिहरुलाई जनमानसमा प्रस्तुत गर्न सफल भएको छ ।
- समग्र देशको विकासको लागि यस क्षेत्रको मौलिक कला, साहित्य र सँस्कृति जगेर्ना एव प्रबर्द्धनमा सहयोग पुऱ्याएको छ ।
- कृषि, पशुपालन, स्वास्थ्य, जडिबुटी, सूचना प्रविधि, उद्योग एव पर्यटन क्षेत्रमा भएका गतिविधिहरुको पहिचानमा सहयोग पुऱ्याएको छ ।
- निकासी योग्य वस्तुहरुको पहिचान र प्रबर्द्धनमा सहयोग पुऱ्याएको छ ।
- स्वदेशी उत्पादन र उपभोक्ताहरु विच प्रत्यक्ष पहिचान गराउने अवसर जुराएको छ ।
- महोत्सवको पूर्वप्रभातमा निकालीएको मध्यपश्चिम क्षेत्रको समग्र जाती, भाषा, धर्म, भेषभुषा सहितको भव्य ऱ्यालीमा भएको जन सहभागीताबाट यस क्षेत्रको धार्मिक, जातिय एवं साँस्कृतिक सदभावलाई कायम गर्न एवं सम्पूर्ण रुपमा सामाजिक सदभावलाई बलियो बनाउन थप मद्दत पुऱ्याएको छ ।

**प्रर्दशकहरुको सहभागिता :**

स्वदेशी उत्पादन लगायत अन्तराष्ट्रिय (छिमेकी राष्ट्रहरु) औद्योगिक एव व्यापारिक प्रतिष्ठान साथै सरकारी तथा गैह् सरकारी संघ संस्थाहरुको २८० वटा स्टलहरुको सहभागिता रहेको थियो ।

**मध्यपश्चिम क्षेत्र भित्र रहेका महोत्सवको सह-आयोजक उद्योग वाणिज्य संघहरुको सहभागिता :**

| सि.नं. | मध्यपश्चिमाञ्चलका जिल्ला तथा नगर उद्योग वाणिज्य संघको नाम |
|---|---|
| १ | मुगु उद्योग वाणिज्य संघ, मुगु |
| २ | कालीकोट उद्योग वाणिज्य संघ, कालीकोट |
| ३ | दैलेख उद्योग वाणिज्य संघ, दैलेख |
| ४ | सुर्खेत उद्योग वाणिज्य संघ, विरेन्द्रनगर, सुर्खेत |
| ५ | जाजरकोट उद्योग वाणिज्य संघ, जाजरकोट |
| ६ | रुकुम उद्योग वाणिज्य संघ, रुकुम |
| ७ | सल्यान उद्योग वाणिज्य संघ, सल्यान |

| | |
|---|---|
| ८ | रोल्पा उद्योग वाणिज्य संघ, रोल्पा |
| ९ | प्यूठान उद्योग वाणिज्य संघ, प्यूठान |
| १० | तुलसीपुर उद्योग वाणिज्य संघ, दाङ्ग |
| ११ | दाङ्ग उद्योग वाणिज्य संघ, घोराही |
| १२ | राजापुर उद्योग वाणिज्य संघ, बार्दिय |
| १३ | गुलरिया उद्योग वाणिज्य संघ, बार्दिय |
| १४ | हुम्ला उद्योग वाणिज्य संघ, हुम्ला |
| १५ | जुम्ला उद्योग वाणिज्य संघ, जुम्ला |
| १६ | डोल्पा उद्योग वाणिज्य संघ, डोल्पा |
| १७ | कोहलपुर उद्योग वाणिज्य संघ, बाँके |
| १८ | देउखुरी उद्योग वाणिज्य संघ, लमही |

**अवलोकनकर्ताहरुको सहभागिता : एक लाख पचास हजार**

- देश भित्रका उद्योगी एव व्यवसायीहरु, सरकारी निकायहरु, आम उपभोक्ताहरु, वित्तिय संघ, संस्थाहरु, किसान, शिक्षक, विद्यार्थीहरु, संचारकर्मी, अनुसन्धानकर्ताहरु एवं विज्ञहरुले महोत्सवको अवलोकन गरेका थिए ।
- छिमेकी मुलुकका उद्योगी, व्यवसायीहरु, पर्यटकहरु एव विभिन्न संघ संस्थाका व्यक्तिहरु, संचारकर्मी तथा उपभोक्ताहरुले समेत महोत्सवको अवलोकन गरेका थिए ।

**महोत्सवको कारोबार :**

मिति २०७२ माघ २१ विहिवार देखि फाल्गुन ३ गते सोमबार सम्म संचालन भएको महोत्सवमा स्वदेशी उत्पादन लगायत अन्तराष्ट्रिय (छिमेकी राष्ट्रहरु) औद्योगिक एवं व्यापारिक प्रतिष्ठान साथै सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरुको २८० वटा स्टलहरुको सहभागिता रहेको महोत्सवमा करिब १० (दश) करोडको कारोबार भएको थियो ।

**महोत्सव सम्पन्न भएको अवधि र परिवेश :**

मिति २०७२ माघ २१ विहिवार देखि फाल्गुन २ गते आइतवार सम्म महोत्सवको पूर्व निर्धारित अवधि भएता पनि अवलोकनकर्ताहरुको चाँपलाई मध्य नजर गर्दै थप १ दिन अवधि वढाई फाल्गुन ३ गते सम्म महोत्सव संचालन गरिएको थियो । महोत्सवको छैठौं दिन माघ २६ गते सम्माननिय पूर्व प्रधानमन्त्री स्वर्गिय श्री सुशिल कोइरालाज्यूको दुखद निधन भएको समाचारले हामी स्तब्ध भएका थियौं । वहाको श्रद्धान्जली स्वरुप सम्माननिय पूर्व प्रधानमन्त्रीज्युको फोटोमा फुलमाला अर्पण गरी शोक प्रस्ताव पारित गरिएको थियो ।

**प्रदर्शकलाई भएको फाइदा :**

- बाँके जिल्ला अन्य जिल्लाहरुको तुलनामा भौगोलिक सहजता, वातावरणीय अनुकूलता एवं भौतिक पूर्वाधारहरुले विकसित जिल्ला भएकोले प्रदर्शक एवं दर्शकहरुले औद्योगिक तथा व्यवसायिक वस्तु एवं सेवाहरुको सहज रुपमा प्रदर्शनी गर्न पाएका थिए ।
- विभिन्न क्षेत्रका व्यक्तिहरु विचमा जमघट हुने एउटै थलो भएकोले केही सिक्ने एवं सिकाउने अवसर प्राप्त भएको थियो ।

- उत्पादकहरुको प्रत्यक्ष सम्पर्कमा उपभोग्य वस्तुहरु बिक्री वितरण हुने हुनाले आफना उत्पादनको सम्बन्धमा प्रतिक्रियाहरु बुझ्ने अवसर प्राप्त भएको थियो ।
- सूचना, संचार एवं प्रविधिको क्षेत्रमा भएका उपलब्धिहरु उपभोक्ता समक्ष पुऱ्याउने अवसर पाइएको थियो ।
- व्यवसायीहरुलाई आफ्नो उत्पादन एव सेवामा भएका उपलब्धिहरुको प्रतिक्रिया पहिचान हुने भएकाले भविष्यमा अझ बढी लगानी गर्ने वा नगर्ने भन्ने वारे निर्णयात्मक अवसर प्राप्त भएको थियो ।
- पर्यटकिय महत्वका वस्तुहरु एवं स्थानहरुको पहिचान गराई आन्तरिक पर्यटन प्रबर्द्धनको अवसर प्राप्त भएको छ ।
- सम्बन्धित व्यवसायीहरु बिच नेटवर्किङ स्थापना गरी यथोचित विकास एवं प्रबर्द्धनका लागि अवसर जुटेको थियो ।
- एकल महिला, अपाङ्गहरुले स्वयं स्टल लिई व्यवसाय गर्नेहरुलाई विशेष सहुलियत दरमा अति भन्दा अति न्यूनतम् शुल्कमा स्टल उपलब्ध गराईएको थियो ।
- विभिन्न जातिय मौलिक खानाका परिकारहरुका लागि स्टल लिन चाहिने संघ/संस्थाहरुलाई पनि विशेष सहुलियतमा स्टल उपलब्ध गराईएको थियो ।
- स्टलमा रहेका वस्तुहरुको सुरक्षाका लागि विमा गरिएको थियो ।
- महोत्सव परिसर भित्र विभिन्न ठाउँमा सि.सि.क्यामरा जडान गरि प्रदर्शकहरुको सामान एवं अवलोकन कर्ताहरुको सुरक्षा व्यवस्थालाई प्रभावकारी तुल्याइए थियो ।
- मेला अवधि भर प्राथमिक उपचार र एम्वुलेन्स सेवा उपलब्ध गराइएको थियो ।
- महिला उद्यमीहरुको क्षमता र दक्षता अभिवृद्धिका लागि नेउवामहासंघका महिला उद्यम विकास समितिका सभापति श्रीमति कमला श्रेष्ठको विशेष उपस्थितिमा बृहत अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।
- मध्य र सुदूर पश्चिम क्षेत्रका उद्योग वाणिज्य संघहरु विच आफ्ना उत्पादन प्रबर्द्धनका लागि निःशुल्क स्टल तथा प्रदर्शकलाई यातायात खर्च उपलब्ध गराइएको थियो ।

**महोत्सवका आकर्षणहरु :**

- महोत्सवको पूर्व सन्ध्यामा मध्य पश्चिम झल्काउने विविध झाँकी सहितको वृहद् शोभा यात्रा ।
- मध्य पश्चिम क्षेत्रको आदीवासीहरुको संस्कृति भेषभुषाहरुको प्रर्दशनी ।
- विभिन्न आदिवासी समुदायहरुको रहन सहन सहितको जातिय मौलिक खानाहरुको परिकारहरुको विक्री तथा प्रदर्शनी ।
- व्यवसायिक माछा तथा बाखा पालनको प्रदर्शनी ।
- कृषि जन्य वस्तुहरुको प्रतियोगात्मक प्रदर्शनी ।
- हरेक दिन ख्याती प्राप्त राष्ट्रिय कलाकारहरुबाट गीत, नृत्य र हास्यव्यङ्ग सहितको साँस्कृतिक प्रदर्शनी ।
- स्थानिय कलाकारहरुद्धारा साँस्कृतिक प्रदर्शनी ।
- मध्य पश्चिम स्तरिय एकल नृत्य तथा गायन प्रतियोगिता ।
- हस्तकला प्रदर्शनी ।
- वाल उद्यान तथा विविध मनोरञ्जात्मक कार्यक्रम ।
- विभिन्न विधाको व्यक्तित्वहरुलाई सम्मान कार्यक्रम ।

- नि:शुल्क आँखा उपचार शिविर ।
- मिसन एजुकेशन, धार्मिक पुस्तक बिक्री एवं अशक्तहरुलाई नि:शुल्क स्थान प्रदान गराइएको ।

**महोत्सवको प्रचार प्रसार :**

- राष्ट्रिय तथा स्थानिय पत्रपत्रिका, एफ. एम. तथा टेलिभिजनबाट महोत्सव वारे जानकारी ।
- मेला सम्बन्धि जानकारी मुलक ब्रोसर, फोल्डर, स्टीकर, पम्पलेट, होडिङबोर्ड तथा व्यानर आदि ।
- नेपालगंज तथा काठमाण्डौंमा पत्रकार सम्मेलन ।
- नेपाल भरिका जिल्ला तथा नगर उद्योग वाणिज्य संघ मार्फत प्रचार प्रसार ।
- बाँके जिल्ला भरिका नगरपालिका तथा सम्पूर्ण गा.वि.स. कार्यालयहरुमा पत्राचार ।
- नेपालगंजमा क्रियाशिल वस्तुगत संघ संस्थाहरुलाई पत्राचार ।
- प्रचार प्रसारका लागि माइकिङ्ग तथा नगर बस र इ रिक्साहरुमा व्यानर उपलब्ध गराई महोत्सवको प्रचार प्रसार ।
- छिमेकी मुलुक भारतको सिमाक्षेत्रको बहाराईच जिल्लाका संचारकर्मीहरुसँग छलफल तथा प्रचारप्रसार ।
- स्थानिय स्तरका संघ/संस्था, राजनैतिक पार्टीहरु, शैक्षिक संस्थाहरु, संचारकर्मी बीच गोष्ठी ।

**समापन समारोह**

मिति २०७२ फाल्गुन ३ गते माननिय राज्यमन्त्री श्री दिनेश यादवज्यूको प्रमुख आतिथ्यमा भव्यताका साथ महोत्सव समापन भयो । समापन समारोहमा संघलाई विशेष योगदान पुरयाए वापत पूर्व महासचिव तथा महोत्सवका परामर्शदाता श्री अशोक कर्माचार्य, संचारकर्मी श्री झलक गैरे र श्री दामोदर भण्डारीज्यूलाई सम्मान प्रदान गरिएको थियो । महोत्सव सफल पार्न सहयोग पुरयाउने नेपाल सरकारका विभिन्न निकायहरु, सुरक्षा निकाय, स्थानिय प्रशासन, स्टल सहभागीहरु, उद्यमी व्यवसायीहरु, बस्तुगत, सामाजिक, शैक्षिक, जातिय, धार्मिक, साँस्कृतिक, संचार माध्यमहरु, सल्लाहकारज्यूहरु, संघका कर्मचारीहरु लगायत आर्थिक रुपमा महत्वपूर्ण सहयोग पुरयाउने प्रबर्द्धक, प्रायोजक संस्थाहरुलाई महोत्सवका संयोजक लगायत विभिन्न पदाधिकारीहरु सम्मान स्वरुप कदर पत्र सहित धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

**उपसंघार**

नेपालगंज उद्योग वाणिज्य संघका वर्तमान कार्य समितिको कार्यकाल भित्र दुईवटा महोत्सव र एउटा तिज महोत्सव गर्ने प्रयत्न सफल भएकोमा हामी खुशी छौं । यस महोत्सवमा भएको उद्यमी, व्यवसायीको सहभागीता एवं नेपाल सरकारले प्रदान गरेको क्षेत्रीय महोत्सवको मान्यताले महोत्सवलाई थप उचाई दिएको थियो । यस अवसरमा महोत्सवलाई सफल पार्न हामीलाई आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउने सम्पूर्ण सरकारी, गैर-सरकारी निकाय, व्यवसायी संघ/संस्थाहरु, संचारकर्मी, सामाजिक एवं जातिय संघ/संस्थाहरु, राजनैतिकदलहरु एवं संघका कार्यसमिति, पूर्व कार्यसमितिका साथीहरु, संघका कर्मचारीहरु एवं सम्पूर्ण प्रायोजकहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।